म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१७ अङ्क:- १०६ २०८२ फागुन २५ गते सोमबार 9 March 2026, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## रास्वपाले १२४ सिट जित्यो

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आइतबार राती ११ बजेसम्मको मतगणनाको नतीजामा १ सय २४ सिट जितेको छ। रास्वपाले थप १ सिटमा अग्रता कायम गरेको छ। दोस्रो दलको रुपमा नेपाली काँग्रेसले १७ सिट जित्दा १ सिटमा अग्रता बनाएको थियो। यस्तै नेकपा एमालेले ८ सिटमा जित हासिल गर्दा १ सिटमा अग्रता बनाएको छ। नेपाली कम्युनिष्ट पार्टीले ७ सिटमा जित दर्ता गर्दै १ सिटमा अग्रता बनाएको छ। हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले ३ सिटमा जित दर्ता गर्दा राप्रपाले १ र स्वतन्त्र उम्मेद्वारको रुपमा महावीर पुनले १ सिट जितेका छन्। सोमबार बिहानसम्ममा प्रत्यक्षतर्फको मतगणना सकिने अनुमान गरिएको छ।

## प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२

# मकवानपुरबाट प्रकाश र प्रशान्त विजयी





प्रशान्त उप्रेती/प्रकाश गौतम

समाज संवाददाता

हेटौँडा : प्रतिनिधि सभा सदस्य निर्वाचनमा मकवानपुरबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश गौतम र प्रशान्त उप्रेती निर्वाचित भएका छन्। मकवानपुर क्षेत्र नम्बर १ बाट प्रकाश विजयी हुँदा क्षेत्र नम्बर २ बाट प्रशान्त विजयी भएका हुन्। प्रकाश र प्रशान्त दुबैजना पहिलो पटक निर्वाचनमा सहभागी हुँदै विजयी भएका हुन्। प्रशान्त २५ वर्ष पूरा भएका युवा हुन्।

बिहिबार भएको निर्वाचनको आइतबार सार्वजनिक भएको अनितम मतपरिणाम अनुसार ३६ हजार ३३ मतसहित गौतम विजयी भएका हुन्। गौतमले आफ्ना निकटतम प्रतिस्पर्धी नेपाली काँग्रेसकी महालक्ष्मी उपाध्याय (डिना) लाई पछि पार्दै निर्वाचित भएका हुन्। नेपाली काँग्रेसकी डिनाले १४ हजार ३८ मत प्राप्त गरिन्। प्रकाशले डीनालाई २१ हजार ९९५ मतान्तरले पराजित गरेको हो। यस्तै नेकपा एमालेका उम्मेदवार रामेश्वर राना मगर १२ हजार ७ सय ८३ मतसहित तेस्रो हुँदा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेद्वार विजय गौतम १० हजार ७८८ मतसहित चौथो र उज्यालो नेपाल पार्टीका उम्मेदवार सुरेन्द्र लामा १० हजार २०५ मतसहित पाँचौ स्थान रहे।

यसअघि सोहि क्षेत्रबाट निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टीका दिपक बहादुर सिंह ४ हजार ५७४ मतसहित छैठौं भए। मकवानपुर क्षेत्र नम्बर १ मा १ लाख ५८ हजार ४ सय ३५ मतदाता थिए। निर्वाचनमा ९५ हजार ८ सय ४३ मत खसेको थियो। जसमध्ये ९० हजार ७२५ मत सदर हुँदा ५ हजार ११८ मत बदर भएको थियो।

यस्तै मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित प्रशान्तले ३० हजार ५० मत प्राप्त गरे। उप्रेतीले यसअघि सोही क्षेत्रबाट निर्वाचित नेकपा एमालेका महेशकुमार बर्तौलालाई पछि पार्दै निर्वाचित भएका हुन्। नेकपा एमालेका बर्तौलाले १८ हजार ८४६ मत प्राप्त गरे। यस्तै नेपाली काँग्रेसका उम्मेद्वार बुद्ध लामाले १५ हजार ५६ मतसहित तेस्रो हुँदा नेकपाका उम्मेदवार लवशेर विष्ट १२ हजार ४ सय ९२ मतसहित चौथो स्थानमा रहे। यस्तै उज्यालो नेपाल पार्टीका उम्मेद्वार प्रविन कुमार स्याङ्तानले ६ हजार २३७ मत प्राप्त गर्दै पाँचौं स्थानमा रहे। मकवानपुर क्षेत्र नम्बर २ मा १ लाख ५६ हजार ८९९ मतदाता थिए। निर्वाचनमा ९१ हजार ११६ मत खसेको थियो। ८५ हजार ६ सय १९ मत सदर हुँदा ५ हजार ४९७ मत बदर भएको थियो। प्रतिनिधिसभा सदस्य निर्वाचित प्रकाश र प्रशान्त दुबैजनालाई आइतबार नै निर्वाचन अधिकृतको कार्यालयबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ।

## एमाले मकवानपुर अध्यक्ष पोखरेलले दिए राजीनामा

# कार्यवाहक अध्यक्षको जिम्मा हिदम लामालाई





श्रीधर पोखरेल। हिदम लामा।

समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा जिल्लाको दुबै क्षेत्रमा पार्टीका उम्मेद्वार पराजित भएपछि नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले राजीनामा घोषणा गर्नुभएको छ। आइतबार सार्वजनिक भएको मतपरिणाअनुसार मकवानपुर-१ र मकवानपुर-२ दुबै क्षेत्रमा नेकपा एमालेका उम्मेद्वार पराजित भए।

मकवानपुर-१ बाट रामेश्वर राना र मकवानपुर-२ बाट महेश कुमार बर्तौला उम्मेद्वार थिए। राना १२ हजार ७ सय ८३ मतसहित तेस्रो भए भने बर्तौला १८ हजार ८४६ मत प्राप्त गर्दै दोस्रो भए। 'आजकै दिनदेखि लागू हुने गरी म आफ्नो अध्यक्ष पदबाट राजीनामा दिने घोषणा गर्दछु', पोखरेलले आइतबार बिहान सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्। प्रतिनिधिसभा सदस्य निर्वाचनमा देशव्यापीरुपमा पार्टीले व्यहोर्नु परेको परिणामको गम्भीर समीक्षा हुनुपर्ने उल्लेख गर्दै जिल्ला अध्यक्ष पोखरेलले आफूले जिल्ला अध्यक्ष पदबाट राजीनामा घोषणा गरेका हुन्। पार्टीको तल्लो तहदेखि नेतृत्वसम्म सबैले आत्मसमीक्षा गरी आफ्नो-आफ्नो जिम्मेवारी ग्रहण गर्नुपर्नेमा उनको जोड छ। उनले पार्टी अध्यक्षदेखि महासचिव लगायतले पराजयको जिम्मेवारी लिएर राजीनामा दिँदै पार्टी पुनर्गठन गर्नुपर्ने स्पष्ट पारेका छन्।

यता अध्यक्ष पदबाट राजीनामा घोषणा गरेका श्रीधर पोखरेललाई नेकपा एमाले जिल्ला सचिवालय बैठकले पदमुक्त गर्ने निर्णय गरेको छ। आइतबार बिहान राजीनामा दिएका पोखरेललाई आइतबार दिउँसो बसेको सचिवालय बैठकले पदमुक्त गर्ने निर्णय गरेको सचिव सीता विष्टले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। राजीनामा दिएका अध्यक्ष पोखरेललाई पदमुक्त गरेर एमाले मकवानपुरले उपाध्यक्ष हिदम लामालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने निर्णय गरेको सचिव विष्टले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। जारी विज्ञप्तिमा पार्टी अध्यक्ष पोखरेल विगत ५ महिनादेखि पार्टीको नियमित काम र सम्पर्कमा समेत नरहेको उल्लेख गरिएको छ। पार्टीको नियमित काम र गतिविधिमा सम्पर्क र सहभागिता नजनाई, पार्टीलाई कुनै जानकारी नगरी मौन बसेको आरोप लगाउँदै सामाजिक सञ्जालमार्फत राजीनामा दिएको अभिव्यक्तिलाई पार्टीले गम्भीरताका साथ लिएको विष्टले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

नेकपा एमाले विभाजन हुँदा पोखरेल माधव नेपाल पक्षको नेकपा समाजवादीमा सक्रिय हुनुहुन्थ्यो। २०७९ सालको स्थानीय निर्वाचनका बेला एमाले फर्केका पोखरेल पार्टीको ११औं जिल्ला अधिवेशनबाट अध्यक्ष निर्वाचित भएका थिए।

## प्रदेश सभा छाडेर प्रतिनिधि सभा जाने योजना

# २ विजयी, ३ पराजित, एकले टिकटै पाएनन्





समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सभा सदस्यको पद त्यागेर प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेद्वार बनेका ६ जना मध्ये २ जना निर्वाचित भएका छन्। प्रदेश सभा सदस्य पद छाडेर प्रतिनिधि सभा सदस्य निर्वाचनमा होम्मिएका सुनिल केसी र युवराज दुलाल विजयी भएका छन्। प्रदेशसभा सदस्य पद छाडेका ३ जना भने पराजित भएका छन्। पराजित हुनेमा अमन मास्के, प्रकाश श्रेष्ठ र बसन्तप्रसाद मानन्धर पराजित भएका हुन्।

बागमती प्रदेश सभा सदस्यबाट राजीनामा दिएर प्रतिनिधिसभा निर्वाचन-२०८२ मा काठमाडौं निर्वाचन क्षेत्र नम्बर-२ बाट उम्मेदवार बनेका सुनिल केसी विजयी भए। २०७९ सालको प्रदेश सभा सदस्य निर्वाचनमा राप्रपाबाट प्रदेश सभा सदस्य निर्वाचित भएका केसी प्रतिनिधि सभा सदस्य निर्वाचनमा भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बनेका थिए। राप्रपाको राजनीति गर्ने केसी रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहको साथ र समर्थनमा काठमाडौं-२ मा उम्मेद्वार बनेका थिए। केसी ३४ हजार २३८ मतसहित विजयी भएका हुन्। केसीका निकटम प्रतिद्वन्द्वी कांग्रेसका कवीर राणा थिए। राणाले ८ हजार ८७४ मत पाउँदा राप्रपाकी कुन्ती पोखरेलले ५ हजार २१० मत र एमालेका मणि फुयालले ४ हजार ७५९ मत प्राप्त गरे।

यस्तै बागमती प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री युवराज दुलाल 'शरद' पनि प्रतिनिधि सभा सदस्य निर्वाचित भएका छन्। सिन्धुपाल्चोक-२ बाट दूलाल २१ हजार ६९९ मत सहित विजयी भए। दूलालका निकटमत् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका वंशलाल तामाङले १९ हजार १४६ मत प्राप्त गरे। एमालेका शेरबहादुर तामाङले १५ हजार ९२६ मत प्राप्त गरे।

प्रदेश सभा सदस्य छाडेका नेकपा एमालेका अमन कुमार मास्के र प्रकाश श्रेष्ठले भने निर्वाचनमा पराजय व्यहोरेका छन्। काठमाडौं-६ बाट उम्मेद्वार बनेका मास्के ४ हजार ३७३ मतसहित तेस्रो हुँदा रास्वपाका शिशिर खनाल विजयी भए। खनालले २७ हजार ७१९ मत प्राप्त गरी निर्वाचित भए। उनी २०७९ मा पनि सोही क्षेत्रबाट निर्वाचित भएका थिए।

बागमती प्रदेश सभा सदस्य पद त्यागेर प्रतिनिधिसभा सदस्य निर्वाचनमा होम्मिएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का बसन्तप्रसाद मानन्धर र नेकपा एमालेका प्रकाश श्रेष्ठ काठमाडौं क्षेत्र नम्बर-७ मा उम्मेद्वार बनेका थिए। काठमाडौं-७ बाट रास्वपाका गणेश पराजुली विजयी भएसँगै श्रेष्ठ र मानन्धरले हार व्यहोरेका हुन्। पराजुलीले २७ हजार ८ सय ५ मत प्राप्त गरी विजयी हुँदै गर्दा काँग्रेसका प्रमोदहरि गुरागाईंले ३ हजार ९ सय ८२ मत ल्याए। नेकपाका मानन्धरले ३ हजार ६ सय ६७ मतसहित तेस्रो हुँदा एमालेका प्रकाश श्रेष्ठ ३ हजार ५ सय ४४ मत प्राप्त गरी चौथो भएका छन्।

यस्तै प्रदेशसभाबाट राजीनामा दिएका कुन्दनराज काफ्लेले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न पार्टीबाट टिकट नै पाएनन्। जननिर्वाचित कसैलाई पनि उम्मेदवार नबनाउने नीतिका कारण काफ्ले प्रभावित बनेका हुन्। काफ्लेले टिकट दावी गरेको क्षेत्रमा दोलखामा कांग्रेसले अजयबाबु शिवाकोटीलाई टिकट दिएको थियो। दोलखामा रास्वपाका जगदिश खरेल निर्वाचित हुँदा काँग्रेस उम्मेदवार सिवाकोटी चौथो भए।

## मकवानपुरमा रास्वपाको दबदबा

# प्रत्यक्षपछि समानुपातिकमा पनि अग्रता

समाज संवाददाता

हेटौँडा: प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत मकवानपुर जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ मात्र नभई समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि आफ्नो वर्चस्व कायम राख्ने संकेत गरेको छ। प्रत्यक्षतर्फ जिल्लाका दुवै निर्वाचन क्षेत्रमा जित निकालेको रास्वपाले समानुपातिकतर्फ पनि सुरुवाती चरणदेखि नै अग्रता लिएको हो।

निर्वाचन कार्यालयका अनुसार आइतबार दिउँसोदेखि सुरु भएको समानुपातिकतर्फको मतगणनामा रास्वपाले अन्य राजनीतिक दलहरूलाई पछाडि पारेको छ। आइतबार रातिसम्मको पछिल्लो तथ्याङ्कअनुसार मकवानपुर क्षेत्र नम्बर २ मा १२ हजार ४७२ मत गणना हुँदा रास्वपाले ४ हजार १२ मत प्राप्त गर्दै शीर्ष स्थानमा रहेको छ।

रास्वपालाई पछ्याइरहेको नेकपा (एमाले) ले २ हजार ६१७ मत प्राप्त गरेको छ भने नेकपाले १ हजार ३७६ मत पाएको छ। त्यसैगरी, नेपाली कांग्रेस १ हजार १२२ मतका साथ चौथो स्थानमा रहेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले २०६ मत प्राप्त गरेको छ।

क्षेत्र नम्बर २ अन्तर्गत भीमफेदी गाउँपालिकाको मतगणना सम्पन्न भइसकेको छ। गणना गरिएको कुल १२ हजार ४७२ मतमध्ये ११ हजार ९५० मत सदर हुँदा ५२२ मत बदर भएको छ।

# कार्की आयोगले बुझायो प्रतिवेदन

काठमाडौं : गत भदौमा नेपालमा भएको जेनजी आन्दोलनमा भएका घटना र सरकारी पक्षबाट भएको भनिएको दमनबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगका पदाधिकारीहरु आइतबार प्रधानमन्त्री कार्यालय पुगेर प्रतिवेदन बुझाएको हुन्।

प्रतिवेदन बुझ्दै प्रधानमन्त्री कार्कीले अध्ययन गरेर आवश्यक प्रक्रिया अघि बढाउने बताएको उनका प्रेस सल्लाहकार राम रावलले जानकारी दिए। गत भदौ २३ र २४ गतेका घटनाको मानवीय र भौतिक क्षतिको छानबिनका लागि बनाइएको सो आयोगको तेस्रो पटक थपिएको म्याद सकिनुभन्दा एक दिन अघि आयोगले प्रतिवेदन बुझाएको हो। जेनजी आन्दोलनपछि कार्की नेतृत्वको अन्तरिम चुनावी सरकार बनेसँगै असोज ५ मा जेनजी आन्दोलनबारे छानबिन गरी सत्यतथ्य पत्ता लगाउन तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको थियो। आयोगका सदस्यमा पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वर भण्डारी सदस्य छन्। *स्रोत : अनलाइनखबर।*



## सम्पादकीय

# ओझेलमा नारी दिवस

आइतबार ११६ औं अन्तर्राष्ट्रिय नारी (महिला) दिवस मनाइयो । हरेक वर्ष मार्च ८ तारिखका दिन विश्वभर नारी (महिला) दिवस मनाउने गरिएको छ । "सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर" भन्ने नाराका साथ नारी दिवस सामान्य औपचारिकतासहित मनाइएको छ । विगतका वर्षहरुमा विभिन्न राजनीतिक दलको महिला संगठन, सरकारी निकाय तथा गैरसरकारी संस्थाहरुको आयोजनामा भव्यरुपमा मनाउने गरिएको नारी दिवस यो वर्ष निर्वाचनको कारण ओझेलमा परेको हो । ११६ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा राष्ट्रपति, प्रधानमन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री तथा सोही मन्त्रालयका सचिवले शुभकामना सन्देश दिएका छन् । प्रधानमन्त्री सुशीला कार्कीको कार्यकक्षमा सामान्य औपचारिक कार्यक्रम गरेर नारी दिवस मनाउनेबाहेक संघीय तहमा खासै कार्यक्रम भएन ।

सन् १९११ मार्च ८ तारिखका दिन पहिलोपटक अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको थियो । नारी हित र अस्मिताको लडाइँ धेरै पहिलादेखि चल्दै आएको भए पनि यसको सांगठनिक अभियान भने सन् १९०० पछि सुरु भएको पाइन्छ । यसपछिका अवधिमा विश्वभरि महिलाको हक, हितका निम्ति निरन्तर आवाज उठाइँदै आइरहेको छ । सन् १९०६ मा सम्पन्न महिलाहरुको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनबाट क्लारा जेट्किन सेक्रेटरी भइन् । नारी मुक्ति आन्दोलनकी प्रणेताको रुपमा परिचित जेट्किनको नेतृत्वमा १९०८ मार्च ८ को दिन अमेरिकाको सिकागो सहरमा समान अधिकारको माग अघि सारेर महिला कामदारहरुले हड्ताल गर्दै विशाल जुलुस प्रदर्शन गरे । महिला हक अधिकारका लागि आवाज उठेको सोही आन्दोलनको स्मरणमा जेट्किनले सन् १९१० मा कोपेनहेगेनमा आयोजित महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा प्रस्ताव गरेकी थिइन् । जसलाई सम्मेलनले पारित गऱ्यो र सन् १९११ देखि विश्वभर विभिन्न कार्यक्रम गरेर मार्च ८ मा यो दिवस मनाउन थालियो ।

दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्र संघको स्थापना र सक्रियतामा विश्वभरिकै मुलुकका नारीलाई एकजुट बनाउँदै लगेको छ । महिलाको हक, अधिकार, न्याय, शान्ति र विकासका लागि दशकौं अघिदेखि प्रयास जारी रहे पनि धेरैतिर समस्या छ । महिलामाथि हुने शोषण, उत्पीडन, भेदभावलगायतका समस्या अझै अन्त्य भएका छैनन् । अदम्य उत्साह, अनुपम उमङ्ग, जोस, जाँगरसाथ नारी स्वयम् अगाडि नबढेसम्म अपेक्षित परिणाम हासिल नहुने यथार्थबोध अहिलेका नारीले बुझ्नुलाई सकारात्मक मान्नुपर्छ । नेपालमा पनि राजनीतिक परिवर्तनसँगै नारीप्रति हेरिने दृष्टिमा पनि धेरै सुधार आएको छ । संविधान, कानुन, नीति, नियम आदिमा महिलाको हितअनुकूल पर्याप्त व्यवस्था हुनु सुखद् पक्ष हो । पितृसत्तात्मक सोचका कारण नेपाली समाजमा महिलाहरुले अझै पनि धेरै भेदभाव र अमानवीय व्यवहार भोगिरहेका छन् । महिला र पुरुषलाई एक रथका दुई पाङ्ग्रा भन्ने गरिए पनि व्यवहारमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने गरिएको छ ।

देशव्यापी प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना चलिरहेको र स्थापित पुराना दलहरुको निर्वाचन परिणाम कमजोर बनिरहँदा यस वर्षको नारी दिवस समेत ओझेलमा परेको छ । राज्यका हरेक निकायमा एक तिहाइ महिला सहभागिता सुनिश्चित गरेको अवस्थामा यस पटकको निर्वाचनमा पनि महिला सहभागिता निकै कमजोर देखिएको छ । प्रत्यक्षतर्फ ३ हजार ४ सयभन्दा बढी उम्मेदवार बन्दा महिलाको संख्या ३ सय ८८ मात्र हुनुले महिला सहभागिता न्यून रहेको स्पष्ट हुन्छ । ती मध्ये पनि १४ जनामात्रै निर्वाचित हुनुले प्रतिनिधिसभामा महिलाको उपस्थिति कमजोर हुने भएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सोच बिचार पुऱ्याएर मात्र काम गर्नु पर्ला ।
**वृष** : खर्चमा वृद्धि रहने समय योग रहेको देखिन्छ ।
**मिथुन** : राजनीति र धार्मिक कृत्यमा मन जाने योग छ ।
**कर्कट** : चुनौति हटाउन गरेको प्रयासमा सफलता प्राप्त ।
**सिंह** : स्वास्थ्य स्थिति कमजोर रहने समय योग छ ।
**कन्या** : आफन्तका बीच भेटघाट र मिलन हुने समय छ ।
**तुला** : अरुको समस्याले आफ्नो समस्या जस्ताको त्यस्तै रहला ।
**वृश्चिक** : अनुभव र ज्ञानको सहि सदुपयोग रहने छ ।
**धनु** : पद प्रतिष्ठामा वृद्धि हुने समय योग रहेको छ ।
**मकर** : भेटघाटमा समय व्यतित हुने समय योग छ ।
**कुम्भ** : महत्वकांक्षा बढ्ने समय योग रहेको छ ।
**मीन** : मिहिनेतले काममा सफलता प्राप्त होला ।

# राजनीतिमा महिलाको खुम्चिँदो उपस्थित र सहकारी संकटको मार



✍कल्पना श्रेष्ठ

सन् १९०८ मा न्युयोर्कका कपडा कारखानाका १५ हजार महिलाहरुले कामको घण्टा घटाउन, उचित ज्याला पाउन र मतदानको अधिकार माग गर्दै गरेको ऐतिहासिक आन्दोलनको जगमा आज संसारभर अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइँदैछ । यो दिवस महिला अधिकार, समानता र न्यायको वकालत गर्ने विशेष अवसर हो । नेपालको सन्दर्भमा यस वर्षको महिला दिवस निर्वाचनको परिणाम र सहकारी क्षेत्रमा देखिएको गम्भीर संकटको बीचमा आइपुगेको छ ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३८८ जना महिला उम्मेद्वार रहँदा १४ जना मात्रै विजयी भएका छन् । विजयी १४ जना मध्ये १३ जना राष्ट्रिय स्वतन्त्र पार्टीबाट छन् भने १ जना नेपाली काँग्रेसबाट छ। प्रतिनिधिसभा सदस्य निर्वाचनको यस किसिमको नतिजाले संसदमा महिलाको प्रत्यक्ष उपस्थितिको अवस्था अझै पनि चुनौतीपूर्ण रहेको देखाउँछ। नयाँ दलमा महिलाको उपस्थिति तुलनात्मक रुपमा राम्रो देखिए तापनि पुराना दलहरूबाट निर्वाचित हुने महिलाको संख्या निकै न्यून छ । यसले के संकेत गर्छ भने संविधानले व्यवस्था गरेको ३३ प्रतिशत महिला सहभागिता पुऱ्याउन अझै पनि प्रत्यक्ष निर्वाचन भन्दा समानुपातिक प्रणाली कै भर पर्नुपर्ने बाध्यता छ। पुरुषको तुलनामा महिलाहरुको उपस्थिति कम हुनुमा कुनै एउटा मात्र कारण नभएर सामाजिक, आर्थिक र राजनीतिक संरचनाहरुको समिश्रण जिम्मेवार छ। यसका मुख्य कारणहरूलाई यसरी विश्लेषण गर्न सकिन्छ ।

**पितृसत्तात्मक सामाजिक संरचना :**
नेपाली समाजमा अझै पनि राजनीति पुरुषको क्षेत्र हो भन्ने गहिरो मनोवैज्ञानिक छाप छ । महिलालाई घर-घरायसी काम र परिवार व्यवस्थापनमा बढी केन्द्रित गरिने हुनाले उनीहरूलाई सार्वजनिक जीवन र राजनीतिमा सक्रिय हुन सामाजिक अवरोधहरू खडा हुन्छन् । चुनौति दिन सकिने बलियो उदाहारण काठमाडौं क्षेत्र नम्बर १ की विजेता रन्जु दर्शनाले देखाईन्। उनको सुत्केरी हुने संभावित मिति तोकिएको थियो फागुन १८ गते। निर्वाचन थियो फागुन २१ गते । पारिवारिक साथ नमुना बन्यो । तोकिएको मिति भन्दा १० दिन अघि उनले सन्तानलाई जन्म दिइन् र न्वारान र सांसदको प्रमाणपत्र एकै दिनको साईत बन्यो ।

**आर्थिक परनिर्भरता र खर्चिलो निर्वाचन :**
निर्वाचन जित्नका लागि ठूलो आर्थिक स्रोतको आवश्यकता पर्ने गरेको छ । नेपालमा सम्पत्ति माथिको पहुँच र स्वामित्व अझै पनि पुरुषहरू मै केन्द्रित छ। महिलाहरूसँग आफ्नै स्वतन्त्र आर्थिक स्रोत कम हुने हुनाले उनीहरु महँगो निर्वाचन लड्न हच्किने गर्दछन्। नेपालको संविधान २०७२ ले सम्पत्ति माथिको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । धारा १८ समानताको हक अन्तर्गत पैतृक सम्पत्तिमा लैंगिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ । धारा ३८ मा महिलाको हकमा प्रत्येक महिलालाई समान बंशीय हक र पैतृक सम्पत्तिमा समान हक हुनेछ । पैतृक सम्पत्तिमा छोरीको पनि छोरा सरह समान अधिकार हुने व्यवस्था मुलुकी देवानी (संहिता) ऐन २०७४ मा स्पष्ट रुपमा गरिएको छ। यो ऐन २०७५ साल भदौ १ गतेदेखि लागू भएको हो । दफा २०५ मा अंशबण्डा गर्ने प्रयोजनका लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् भनिएको छ । दफा २०६ मा प्रत्येक अंशियार अंशको समान हकदार हुने व्यवस्था गरेको छ। तर नियम नियममा मात्र छ कार्यान्वयन जटिलताको कारण आज पनि एउटी महिलालाई नघरको सम्पत्ति छ न माईतीको । सम्पत्ति कमाउन सक्ने क्षमता विकास गर्न पनि विभिन्न बाधाहरुको सामना गर्नुपर्ने हुन्छ ।

**टिकट वितरणमा राजनीतिक दलहरूको विभेद**
दलका शीर्ष नेतृत्वमा पुरुषहरूको वर्चस्व छ। निर्वाचनमा टिकट बाँड्दा जित्न सक्ने उम्मेदवारको नाममा पुरुषहरुलाई नै प्राथमिकता दिने गरिन्छ। महिलाहरुलाई प्रत्यक्षतर्फ टिकट दिनुको सट्टा प्रायः समानुपातिक कोटामा सीमित राख्ने प्रवृत्ति देखिन्छ। यदा कदा त स्पष्ट देख्न पाईन्छ, यो क्षेत्रबाट हार्ने निश्चित छ भने उक्त क्षेत्रमा महिलालाई टिकट दिने । यस किसिमको निरिह अवस्थामा महिलाहरुले आफूलाई उभ्याउन बाध्यता छ ।

**सुरक्षा र नेटवर्किङको चुनौती :**
निर्वाचन प्रचारप्रसारका क्रममा हुने हिंसा, चरित्र हत्या र भड्किलो प्रतिस्पर्धाले महिलाहरूलाई निरुत्साहित गर्छ । महिलाहरुले हुर्कने क्रममा मर्यादाको लामो लिष्ट घोकेका हुन्छन् । जो पुरुषको तुलनामा धरै लामो लिष्ट हुन्छ । साथै, राजनीतिमा आवश्यक पर्ने पावर नेटवर्किङ र डिनर डिप्लोमेसी जस्ता कुराहरूमा महिलाहरूको पहुँच पुरुषको तुलनामा कम छ ।

**समानुपातिक प्रणालीमा निर्भरता :**
संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । दलहरूले यो संख्या पुऱ्याउन सजिलो बाटोको रूपमा समानुपातिक निर्वाचन प्रणालीलाई प्रयोग गर्छन्। प्रत्यक्षमा जोखिम मोल्नुभन्दा समानुपातिकबाट कोटा भर्ने मानसिकताले प्रत्यक्षतर्फ महिला उम्मेदवारी कम हुने गरेको छ। जबसम्म दलहरूले आन्तरिक लोकतन्त्र सुदृढ गर्दै महिलाहरूलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न प्रोत्साहन र लगानी गर्दैनन्, तबसम्म यो खाडल पुरिन गाह्रो देखिन्छ।

दुई दशकयता महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक एवम् नेतृत्व क्षमतामा निखार ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ। बहुसंख्यक महिलाहरुले आफ्नो सुका, मोहरबाट आर्थिक स्वतन्त्रताको सपना देखेका थिए, सहकारी संकटका कारण गहिरो पीडा र अन्योलमा छन् । यसको मलम लगाउन नव निर्वाचित सरकार सफल हुन्छ हुन्न हेर्न बाँकी छ ।

निर्वाचन परिणाम पूरा नआउँदै १०० दिन भित्र बचतकर्ताको बचत फिर्ता गरेर देखा भनेर चुनौतिको आवाजहरु सुनिन थालिसकेको छ। बहुमत ल्याउने रास्वपाको सहकारीप्रतिको वाचामा यही कुरा उल्लेख गरिएको थियो । यसको निम्ति उसले रणनीतिक हिसाबले अघि बढ्नुपर्ने हुन्छ ।

नेपालको सन्दर्भमा सहकारी केवल एक वित्तीय संस्था मात्र होइन, यो ग्रामीण र मध्यमवर्गीय महिलाको सशक्तीकरणको आधार बन्यो । घरको चौघेरामा सीमित महिलाहरूलाई समूहमा आबद्ध गर्ने, बचत गर्न सिकाउने र सानो ऋण मार्फत स्वरोजगार बनाउने काममा सहकारीको भूमिका अतुलनीय रह्यो । डोको नाम्लो गरेर, सागसब्जी बेचेर वा घर खर्चबाट अलिअलि बचाएर महिलाहरूले सहकारीमा पैसा जम्मा गरे । त्यही पैसाले छोराछोरीको स्कुलको शुल्क तिर्ने, बिरामी पर्दा उपचार गर्ने र सानोतिरो व्यापार सुरु गर्ने साहस प्रदान गऱ्यो । तर, आज त्यही साहस र विश्वासमाथि ठूलो प्रहार भएको छ। पसिनको कमाई फिर्ता पाईने हो कि होइन भन्ने पीडाले सताएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म २३ वटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिसकेको छ । यी सहकारी संस्थाहरुको बचत फिर्ताका लागि ६२७६० जनाले ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ माग दावी गरेका छन् । सञ्चालकहरूको चरम लापरवाही, गैरजिम्मेवारीपन र बचतकर्ताको पैसा माथि गरिएको रजाईंले गर्दा आज हजारौं मानिस सडकमा आइपुगेका छन् । तथ्याङ्कले भन्छ कि सहकारीमा आबद्ध सदस्यहरूमध्ये ५६ प्रतिशत महिला छन् । यसको अर्थ, सहकारी डुब्दा सबैभन्दा बढी मारमा पनि महिला नै परेका छन् ।

यस वर्षको नाराले अधिकार र न्यायमा जोड दिएको छ । तर, जबसम्म एकजना श्रमिक महिलाले आफूले पसिना बगाएर बचाएको पैसा सुरक्षित फिर्ता पाउँदिनन्, तबसम्म न्यायको नारा कागजी मात्र हुनेछ । सरकारले सहकारी संकट समाधानका लागि समितिहरू बनाए पनि पीडितले प्रत्यक्ष अनुभूति गर्ने गरी काम हुन सकेको छैन । सहकारी ठगहरूलाई कानूनी कठघरामा उभ्याउनु र पीडितको पैसा फिर्ताको सुनिश्चितता गर्नु नै आजको मुख्य आवश्यकता हो ।

महिलाहरूलाई केवल बचतकर्ता मात्र बनाएर पुग्दैन, उनीहरूलाई वित्तीय साक्षरता दिनु पनि उत्तिकै जरुरी छ । कुन संस्थामा पैसा राख्ने, जोखिम कसरी चिन्ने र कानुनी प्रक्रिया के हुन् भन्नेबारे निरन्तर शिक्षाको आवश्यकता छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहँदा हामीले उपलब्धिका भाषण मात्र गरेर हुँदैन । सहकारी संकटले उब्जाएका आँसु र देशको शिथिल अर्थतन्त्रले थपेको बोझको गम्भीर समीक्षा गर्नुपर्छ । महिलाको आर्थिक स्वतन्त्रता बिना देशको समृद्धि सम्भव छैन। त्यसैले, सहकारीमा देखिएको विकृति सुधार्न, बचतकर्ताको रकम सुरक्षा गर्न र महिलाहरूको श्रमको उचित सम्मान हुने वातावरण बनाउन राज्य र नागरिक समाज दुवैको सक्रियता जरुरी छ ।

अर्कोतर्फ आफ्नो घर आँगनमा र हेको संस्था, पारिवारिक जिम्मेवारी सम्हाल्दै सामाजिक रुपमा पनि आफूलाई स्थापित गर्न सकिने, आफ्नो नेतृत्व क्षमता विकासको थलोको रुपमा मानेको सहकारी क्षेत्रमा भएको चर्को नियन्त्रणका कारण महिलाहरुले यहाँ पनि नेतृत्व लिन हिम्मत गर्ने वातावरण बनिरहेको छैन । सहकारीलाई उसको सैद्धान्तिक धरातलमा चल्न दिने वातावरण निर्वाचित सरकारले बनाउने हो भने महिला नेतृत्व विकासमा समेत यसले उल्लेख्य योगदान पुऱ्याउने छ ।

*(श्रेष्ठ मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष हुनुहुन्छ ।)*

# मैले देखेको लोभलाग्दो कस्टमर सर्भिस !



✍अर्जुन मोहन भट्टराई

बिहानै बाइक सर्भिसिङ जाँदै थिएँ । लाग्यो यो काममा बढी समय लाग्छ, कुरिन्जेल एउटा कुनै किताब बोकेँ पढ्न पाइएला । त्यहाँ पुगेपछि मेरो अनुमान मिलेन किनभने त्यहाँ अर्कै वातावरण थियो । सधैंजसो ब्लगमा नकारात्मक टिप्पणी र निराश शब्द उराल्ने म आज भने अति नै सकारात्मक भएँ ।

टोयोटाको एकताकाको विज्ञापन याद आयो जसमा लेखिएको थियो- 'लिटिल थिङ यु डु ।' मलाई त्यही अनुभूति रह्यो । बाइक सर्भिसिङमा दिएर टोकन लिएपछि वाइफाई सुविधा, कस्टमर लाउन्ज, मेल-फिमेल ट्वाइलेट साथै कालो-सेतो चियाको चुस्की समेत पाइयो । लाग्यो नेपाल सुध्रिएको हो कि यहाँ मात्र यस्तो हो ! खैर जे भए पनि यो कुरा उदाहरणीय छ । लाग्यो, फेरि यति सुविधा दिएपछि पैसा बढी असुल्ने हो कि ? तर शुल्क साबिकै छ आनन्द लाग्यो ।

पहिला पहिलाको सर्भिसिङमा भोगेको यत्रतत्र कालो मोबिल, हिलो चिप्लो, जतातत्तै फोहर, गन्हाउने ट्वाइलेट पनि फोहर, वाइफाई कहाँ पाउनु ? समय पनि बढी लाग्ने, सर्भिस प्यानल पनि कम थिए तर अहिले त अति नै राम्रो सेवा । कलेज पढाउँदा कस्टमर इज गड, कस्टमर एन्ड रिभर नेभर कम ब्याक, अ ह्याप्पी कस्टमर आदि बारेमा विद्यार्थीलाई भनिन्थ्यो मात्र । आज भने साँच्चै देखेँ र लेख्न मन लाग्यो। त्यो ठाउँको नाउँ भन्न मन लागेन किनकि मानिसले अर्कै सोच्छन्, मात्र यति भनेँ- सेवा बबाल छ ।

सेवाकै कुरा गर्दा, रेस्टुराँमा जागिर गर्दा कति पटक खाना अर्डर गरेर ग्राहकले ढिलो गरेको भनेर क्यान्सिल गरेको आफैले भोगेको छु । जहाँ गयो त्यही बेथिति । फेरि बेथिति गर्नेमा नेताको मात्र नाम आउँछ तर यो सबै ठाउँमा सबैले गरेका छन्, दोष नेतालाई मात्र लगाउँछौं ।

बस चढ्यो ५ किमीलाई पौने घण्टा लगाउँछ, ढिलो भयो भाइ भने कार किनेर जाने भन्छ। कस्तो रुखो सेवा तथा जवाफ !

रड किन्न गयो तौलेर किन्न पाइन्छ, ट्याग हेरेर लैजा भन्छ । जोखौं न भन्यो भने अर्को पसलमा गएर किन भन्छ । उपभोक्ताकर्मीहरू डलरे छन्, बोल्छन् देखाउन मात्र अनि असुल्छन् । कसबाट

...बाँकी पृष्ठ ३ मा

## सन्ध्याले व्यवसाय विस्तार गरिन्

# २ जनाले रोजगारी पाए




*सन्ध्याज मेकअप स्टुडियो एण्ड ट्रेनिङ सेन्टर उद्घाटन गर्नुहुँदै अध्यक्ष रानाभाट ।*

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-४, हुप्रचौरकी सन्ध्या मैनालीले आफ्नो व्यवसाय विस्तार गर्दै २ जनालाई रोजगारी दिएकी छिन् । ५ वर्षदेखि सन्ध्याज मेकअप स्टुडियो एण्ड ट्रेनिङ सेन्टर सञ्चालन गर्दै आएकी सन्ध्याले हालै ३० लाख रुपैयाँ लगानी गरेर व्यवसाय विस्तार गरेकी हुन् ।

आफ्नै घरमा सञ्चालित व्यवसाय विस्तारसँगै थप २ जनाले रोजगारी पाएका छन् । यसअघि एकजनालाई रोजगारी दिएर व्यवसाय गरिरहेकी सन्ध्याले व्यवसाय विस्तारसँगै थप २ जनालाई रोजगारी प्रदान गरेको जानकारी दिइन् । '५ वर्ष एउटा कोठामा व्यवसाय सञ्चालन गर्दै आएको थिएँ । अहिले एउटा फ्ल्याटमा आकर्षक मेकअप स्टुडियो बनाएकी छु', सन्ध्याले भनिन्, 'पहिले एउटा कोठामा साँघुरो ठाउँ भएर बढीमा ५ जनालाई तालिम दिन सक्ने थियो । अहिले एकसाथ १५ देखि २० जनालाई तालिम दिन सकिने छ ।'

५ वर्ष काम गर्दै गर्दा सेवाग्राही सन्तुष्ट भएको र थप लगानी गर्न आवश्यक र उपयुक्त देखेर विस्तार गरिएको सन्ध्याको भनाइ छ । व्यवसाय विस्तार गरेपछि एक कार्यक्रमकाबीच आइतबार सन्ध्याज मेकअप स्टुडियो एण्ड ट्रेनिङ सेन्टरको उद्घाटन गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले ट्रेनिङ सेन्टरको उद्घाटन गर्नुभएको हो ।

## ट्याक्टर पल्टिँदा दुई जना घाइते

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिका-१, चकरीमा ट्याक्टर पल्टिँदा दुई जना घाइते भएका छन् । शनिबार बिहान ७ बजेर ३० मिनेटको समयमा हेटौँडाबाट चकरीतर्फ जाँदै गरेको ना १ त ३८०२ नम्बरको ट्याक्टर उकालोमा चढ्दा अचानक ब्याक भई पल्टिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा ट्याक्टर चालक पर्सा जिल्लाको बिन्दबासिनी गाउँपालिका-३, झङ्वाका ४० वर्षीय विक्रम राम र ट्याक्टरमा सवार ५५ वर्षीया मिरा महरा चमार घाइते भएका छन् । घाइते दुवैको सिएमसी चुरेहिल अस्पताल मकवानपुर उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
१३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास १३.४
The Voice of Community

## मैले देखेको...

आशा गर्ने !

दूधको खुवा भनेर किन्यो पिठो मात्र हुन्छ । पाँच वर्ष सर्भिसिङ भनेर सवारी किन्यो, वारेन्टी कार्ड देखायो, यो पटकको सर्भिसिङ पेड हो भन्छ । कस्तो ठगी ! व्यापारी बलिया उपभोक्ता निर्वलिया के गर्ने मरीचको अवस्था छ ।

किताब किन्यो अडियो सुन्नुपर्ने तर सिडी नै हुँदैन, बारकोड दिन्छ अडियो आउँदैन । यत्रतत्र सर्वत्र उपभोक्ता मार्ने । अर्कोतर्फ १०० रुपैयाँ जरिवाना गर्ने लुते कानुन छ ।

बैंकमा खाता बन्द गर्न गयो बैंकले नानाभाती सोध्छ मानौँ उसको अधिकार जस्तो । मेरो खाता मेरो मर्जी किन बन्द गर्ने, कसरी बन्द गर्ने अन्ठसन्ठ प्रश्न गर्छ । कस्तो अन्याय ! राष्ट्र बैंक बेखबर छ किनकि आखिर पछि जाने बैंक नै हो किन छुच्चो बन्ने ?

विश्वका तीर्थयात्री आउने पशुपतिमा होटेलमा खाना खाएको १५० लियो तर दाल र आलुको भुजिया मात्र छ । बासी खाना पर्यटकले के सोच्लान् ? नगरपालिकाले हेर्छ भन्छन् खै त हेरेको ? उपभोक्ताको कन्तबिजोग छ ।

पहिला कैँची चलाएर हजामले कपाल काट्थे, काम कठिन थियो, भाउ महँगो थियो । अहिले मेसिनले दश मिनेटमा सफाचट पार्छ, भाउ उही छ । कस्तो अन्याय ! उपभोक्ता सेवा सत्कार कहाँ गयो ?

अर्ब कमाउने बैंकमा ५०० रुपैयाँ निकाल्न गयो पार्किङ तिर्न पर्छ । कस्तो अचम्म ! लेख्न मन लाग्छ, हजारौँ छन् उपभोक्ता उत्पीडन ।

ग्राहक उपभोक्ता सेवाग्राही खरिदकर्ता जे भन्नुस् सबैतिरबाट अठिएका छन्, थिचिएका छन्, मिडियामा पनि समाचार कम आउँछन् ।

भन्नका लागि त भनिन्छ नि यो उपभोक्ता वादको जमाना हो कन्जुमरिज तर उपभोक्ता जाँतोमा घुन झैँ पिसिएका छन् । चुनावको कुरा चल्दै गर्दा देखि खाने तेलको भाउ बढ्यो, ग्यास उस्तै छ, खै के भन्ने कस्तो विडम्बना !

निजी अस्पताल त यस्तै भए, सरकारीमा पनि मुटुको अस्पतालमा कोलेस्ट्रोलको दवाई किन्न गएको छैन वा कस्तो अचम्म अनुगमन निकाय कस्तो हो ।

उपभोक्ता सेवा सुविधा हेर्ने वाणिज्य विभाग छ, केवल बोर्ड लगाएको छ, कर्मचारी छन् तर काम गर्न आँट छैन, काम गर्ने सरुवा हुन्छ ।

राम्रो सेवा सुविधा दिए शुल्क स्वाभाविक नै हो तर यहाँ त सेवा छैन, शुल्क मात्र छ । सबै सुध्रिऊँ, सुधारौँ । उपभोक्ता, बिक्रेता, क्रेता, उद्योगी, सरकार सबैमा खोट छ । सबैले म म भन्नुपर्छ । अनुशासन सबैमा कमी छ ।

*(स्रोत: सेतोपाटी)*

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।




**सम्पादक**

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2





आयुषा केशरी
कक्षा-८

## हामी साना बालक



**निश्चल दुंगेल**

हामी साना बालक
भविष्यका चालक
पढ्न पाए किताब
विकास गर्ने नेपाल

आज हामी सानै छौं
देश बनाउन जाने छौं
पढी-लेखी ठूलो भई
देशको सेवा गर्नेछौं ।

बालक सम्झी नगर हेला
चाहिन्छौं ठूलो भएको बेला
नखोस हाम्रो अधिकार
सबैले सुन हाम्रो पुकार

*कक्षा-८*

## हाम्रो संस्कृति



**स्वर्ण विक्रम ठकुरी**

विविधतामा एकता छ, हाम्रो देश नेपाल
संस्कृतिले सजिएको, कति राम्रो चाल
विभिन्न भाषा बोले पनि, एउटै हाम्रो मन
संस्कृति नै हो हाम्रो, सबैभन्दा ठूलो धन ॥

कसैले लगाउने ढाकाटोपी, कसैको बख्खु राम्रो
मिलेर बस्ने बानी छ, यो त रित नै हो हाम्रो
दशैं, तिहार, छठ र ल्होसार सँगै मिलेर मनाउँछौं
माया र सद्भावको गीत सधै हामी गाउँछौं ॥

पाहुनालाई देवता मान्ने, हाम्रो छुट्टै रित छ,
संस्कारलाई जोड्न सक्ने हामो मीठो गीत छ
भाइबहिनीसँगै खेल्ने, ठुलालाई आदर गर्ने
राम्रो हाम्रो संस्कार छ, समाजमा सेवा भर्ने ॥

पुर्खाहरुले दिएको नासो, जोगाउनुपर्छ हामीले
आफ्ना भाषा र भेषलाई सिकाउनुपर्छ सबैले
यही हो हाम्रो गौरव, यही हो हाम्रो शान
हाम्रो प्यारो संस्कृतिलाई सधैं गरौं सम्मान ॥

*कक्षा-८*

# कविता प्रतियोगितामा डिबी बर्तौला प्रथम



*कविता प्रतियोगितामा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडा : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कविता प्रतियोगिता डिबी बर्तौला प्रथम भएका छन्। मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको आयोजनामा आईतबार सम्पन्न प्रतियोगितामा साईराम बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष बर्तौला प्रथम भएका हुन्।

प्रतियोगितामा महिला सेवा बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष अचला शर्मा द्वितीय र जागरण बचत तथा ऋण सहकारी संस्थाकी व्यवस्थापक मेनुका दहाल तृतीय भएका हुन्। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएकाहरुले क्रमशः ७ हजार, ५ हजार, र ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । यसैगरी प्रतियोगितामा सन्त्वाना स्थान हासिल गरेका गणपति बाबा बचत तथा ऋण सहकारीका व्यवस्थापक युवराज तिमल्सिनाले २ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । महिला दिवसको अवसरमा 'सहयोग, समर्थन, योगदानमार्फत महिलाहरुको अधिकार' विषयक कविता प्रतियोगिता भएको थियो ।

प्रतियोगिताका लागि कूल १८ वटा कविता प्राप्त भएको थियो । प्राप्त कविताहरूमध्ये पहिलो चरणको मूल्याङ्कनबाट १० वटा कविताहरू अन्तिम प्रतिस्पर्धाका लागि छनोट गरिएको थियो। उत्कृष्ट १० मा छनोट भएका कविहरूले आईतबार भएको कार्यक्रम उपस्थित भएर आ-आफ्ना कविता वाचन गरेका थिए । प्रतियोगितामा संघका सदस्य सहकारी संस्थाका कार्यसमिति, पूर्वसमिति तथा कर्मचारीहरु मात्रै सहभागिता रहेको थियो । सोही अवसरमा संघले तनाव व्यवस्थापन कार्यशाला पनि आयोजना गरेको थियो । तनाव व्यवस्थापन कार्यशालामा मामाघर नेपालका संरक्षक अर्पण पराजुलीले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठकी सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशकी मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतको प्रमुख आतिथ्य रहेको थियो ।

## प्रतिनिधिसभा सदस्य निर्वाचन

# कोशीमा प्रदेश र पालिका छोड्ने हर्क बाहेक सबै पराजित



विराटनगर : आफ्नो पाँच वर्षे कार्यकाल बीचमै छाडेर संघीय सांसद बन्न तम्सिएका कोशी प्रदेशका १ जना प्रदेश सभा सदस्य र पालिका प्रमुखहरूमध्ये हर्कराज राईबाहेक अरू प्रतिनिधिसभा निर्वाचनमा पराजित बनेका छन् ।

सुनसरी-१ मा भने हर्कराज राई विजयी बनेका छन् । उनी धरान उपमहानगरपालिकाका प्रमुख थिए । त्यहाँबाट राजीनामा दिएर उनी संघीय संसद लडेका थिए। फागुन २१ गते सम्पन्न निर्वाचनको अन्तिम मत परिणाममा उनी ३५ हजार ७४१ मत ल्याएर विजयी बनेका हुन्। उनको निकटतम प्रतिस्पर्धी रास्वपाकी गोमा तामाङले २७ हजार २४९ मत ल्याएकी छिन् । तेस्रो स्थानमा नेकपा एमालेका टिकाराम लिम्बू भएका छन् । लिम्बूले ६ हजार ४६३ मत ल्याएका छन्। वडाध्यक्षबाट राजीनामा दिएर नेकपाबाट उम्मेदवारी दिएका सूर्यबहादुर भट्टराईले भने ६ हजार १८५ मत मात्रै ल्याए ।

कोशी प्रदेश सभा सदस्य पद छोडेर झापा-४ बाट उम्मेदवार बनेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का भक्तिप्रसाद सिटौलाले लज्जास्पद पराजय व्यहोरे । उनले जमानत जोगाउन सकेनन् । सिटौलाले २ हजार ८० मत ल्याएर पाँचौं बन्दा विजेता रास्वपाका शम्भुप्रसाद ढकालले ४३ हजार ६३१ मत ल्याए । यस्तै पालिका छोडेर सांसद बन्न तम्सिएका मोरङ रंगेलीका प्रमुख दिलिपकुमार अग्रवाल, इलाम सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राई, सोलुखुम्बु थुलुङ दूधकोशीका अध्यक्ष असिम राई, उदयपुर लिम्चिङबुङका अध्यक्ष मेजर राई र ओखलढुङ्गा लिखु पिके गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि पराजित बने। यस्तै धरान १७ नम्बरको वडाध्यक्ष पद छोडेर संघीय संसद बन्न तम्सिएका सूर्यबहादुर भट्टराई (मनोज) पनि पराजित बने ।

रंगेलीका प्रमुख अग्रवाल मोरङ निर्वाचन क्षेत्र नम्बर २ बाट एमालेका उम्मेदवार बनेका थिए । अग्रवालले १५ हजार ६२४ मत ल्याएर दोस्रो भए। विजयी रास्वपाका उम्मेदवार कृष्णकुमार कार्कीले भने ४० हजार ९२४ मत ल्याए । यस्तै इलामको क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिस्ट पार्टीको उम्मेदवार बनेका रणबहादुर राई पाँचौं स्थानमा छन्। त्यहाँ एमालेका उम्मेदवार काजीमान कागतेले अग्रता लिएका छन्। दोस्रो नम्बरमा श्रम संस्कृति पार्टी छ । अन्तिम परिणाम आउँदासम्म रणबहादुर राईले जित निकाल्न सक्ने अवस्था देखिँदैन ।

यस्तै सोलुखुम्बुबाट नेपाली कम्युनिस्ट पार्टीको उम्मेदवार बनेका असिम राई दोस्रो स्थान बनाउन सफल भए। त्यहाँ काँग्रेसका प्रकाश सिंह कार्की १३ हजार १६६ मत ल्याएर विजयी हुँदा राईले ९ हजार ४१४ मत मात्रै ल्याउन सके । यस्तै पालिका छोडेर स्वतन्त्र उम्मेदवार बनेका उदयपुर २ का मेजर राईले जमानत जोगाउन सकेनन्। उनले ११ औं स्थान कायम गर्दै जम्मा मत भने ९० ल्याए। त्यहाँबाट रास्वपाका सूर्यबहादुर तामाङ १४ हजार २ मत ल्याएर विजयी बने ।

यस्तै एमालेबाट ओखलढुंगाको उम्मेदवार बनेकी अस्मिता थापाले चौथो स्थान हासिल गरे पनि जित निकाल्न सकिनन्। सो क्षेत्रमा रास्वपाका विश्वराज पोखरेलले १३ हजार ९५३ मत ल्याएर विजयी बने। उता, धरान १७ का वडाध्यक्ष भट्टराईलाई सुनसरी १ बाट नेकपाले उम्मेदवार बनाएको थियो । भट्टराईले ६ हजार १८५ मत मात्रै ल्याउँदै तेस्रो स्थान कायम गरे । *स्रोत : रातोपाटी ।*

## प्रतिनिधिसभा सदस्य निर्वाचन

# ३८८ प्रतिस्पर्धी महिला मध्ये १४ मात्रै निर्वाचित




काठमाडौं : प्रतिनिधिसभा सदस्य निर्वाचनमा १४ जना महिला उम्मेदवार विजयी भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसबाट १४ जना महिला उम्मेदवार विजयी भएका हुन् । निर्वाचन आयोगका अनुसार रास्वपाबाट १३ र कांग्रेसबाट एक जना प्रतिनिधिसभा सदस्य बनेका छन् । रास्वपाले १६ र कांग्रेसले ११ निर्वाचन क्षेत्रमा महिला उम्मेदवारहरू खडा गरेको थियो ।

यस्तै नेकपा एमालेले १० र नेपाली कम्युनिष्ट पार्टीले ११ महिलालाई उम्मेदवार बनाएको थियो । आयोगका अनुसार निर्वाचनमा ३८८ महिला उम्मेदवारहरु प्रतिस्पर्धामा थिए। कांग्रेसबाट उम्मेदवार बनेका ११ महिला नेतृमध्ये बासना थापाले मात्रै जित निकालेकी छन्। उनी दैलेख-१ मा १२ हजार ३७२ मत ल्याएर प्रतिनिधिसभा सदस्य बनेकी हुन्।

उनका निकटतम प्रतिद्वन्द्वी एमाले उम्मेदवार रविन्द्रराज शर्माले ११ हजार ७६९ मत पाउँदा रास्वपाका नन्दकिशोर बस्नेत आठ हजार १५१ मतसहित तेस्रो भएका छन् । रास्वपाबाट निवर्तमान उपसभामुख इन्दिरा राना मगर झापा-२ मा ६० हजार ११० मतसहित विजयी भएकी छन् । यस्तै चितवन-३ मा ५९ हजार २७७ मत ल्याएर सोबिता गौतम निर्वाचित भएकी छन् ।

झापा-१ बाट ४५ हजार ६८० मतसहित निशा डाँगी र सर्लाही-१ बाट ४४ हजार १८१ मतसहित नीतिमा भण्डारी कार्की विजयी भएको आयोगले जनाएको छ । यस्तै तोसिमा कार्की ललितपुर-३ बाट ४३ हजार ९६, आशिका तामाङ धादिङ-१ बाट ३९ हजार १२८ मत ल्याएर विजयी भएका छन्। सप्तरी-१ बाट विजयी पुष्पाकुमारी चौधरीले ३८ हजार १९५, कास्की-३ बाट विजयी बिना गुरुङले ३७ हजार ७५० मत ल्याएका छन्।

आयोगका अनुसार रास्वापा नेतृ आशा झा मोरङ-५ र गौरी कुमारी महोत्तरी-४ बाट विजयी भएका छन् । उनीहरूले क्रमशः ३० हजार ४३४ र ३० हजार १३२ मत पाएका छन्। रास्वपा नेतृ कोमल ज्ञवाली कैलाली-१ बाट १७ हजार ८२६ मत र रञ्जु न्यौपाने काठमाडौं-१ बाट १५ हजार ४५५ मत पाएर निर्वाचित भएका छन्। त्यसैगरी मोरङ-६ बाट रुबिना आचार्य विजयी भएकी छन् । उनले ५५ हजार ५१३ मत पाएको आयोगले जनाएको छ। *स्रोत : अनलाइनखबर ।*

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**

**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ